# शिक्षा नियमावली, २०७५

डोल्पोबुद्ध गाऊँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ को दफा ४९ (१) ले दिएको अधिकार प्रयोग गरी यो डोल्पोबुद्ध गाऊँ कार्यपालिकले यो डोल्पोबुद्ध गाऊँपालिका शिक्षा नियमावली, २०७५ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम "डोल्पोबुद्ध गाऊँपालिका शिक्षा नियमावली, २०७५" रहेकोछ ।

(२) यो नियमावली डोल्पोबुद्ध गाऊँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले डोल्पोवुद्ध गाऊँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले डोल्पोबुद्ध गाऊँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम ८५ वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाऊँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको डोल्पोबुद्ध गाऊँपालिका सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले नियम ३४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

तेम्बा गुरुङ्ग
गा.पा.अध्यक्ष